नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
भोजपुर

फोन ०२९-४२०१३३
फ्याक्स ०२९-४२००३
Email:- daobhojpur1@gmail.com

प.स. ०७७/०७८

# आदेशको निरन्तरता सम्बन्धि अत्यन्त जरुरी सूचना

कोभिड-१९ को नयाँ भेरियन्टको संक्रमणको रोकथाम, नियन्त्रण, निदान र उपचारको लागि मिति २०७८/०१/२९ गते राती १२ बजे देखि मिति २०७८/०३/१७ गते राती १२ बजेसम्म कायम रहने गरी पटक पटक जारी गरिएको निषेधाज्ञाको कारणबाट सार्वजनिक सेवा प्रवाह, होटल व्यवसाय र यातायात क्षेत्र ठप्प भएको कारणले जनजीवन जटिल हुँदै गएको महसुस गरी सर्वसाधारण नागरिकको दैनिक जीवनयापनलाई केही सहज बनाई यस अधि जारी भएको आदेशलाई केही खुकुलो बनाइ तपशिल बमोजिम क्रियाकलापहरु तोकिएको मापदण्डहरुको पालना गरी, गराई संचालन गर्न गराउन पाउने गरी जिल्ला कोभिड-१९ व्यवस्थापन केन्द्रको मिति २०७८/०३/१७ गतेको बैठकको निर्णयानुसार निषेधाज्ञाको अवधि मिति २०७८/०३/३१ गते राती १२ बजेसम्म थप गरिएको छ। आदेश उल्लङ्घन भए गरेको पाइएमा संक्रामक रोग नियन्त्रण ऐन, २०२०, कोभिड-१९ संकट व्यवस्थापन सम्बन्धमा व्यवस्था गर्न बनेको अध्यादेश, २०७८ तथा प्रचलित कानून बमोजिम कारवाही गरिने व्यहोरा समेत जानकारी गराइन्छ।

- अत्यावश्यक काम बाहेक घरबाट बाहिर ननिस्कने । निस्कनै पर्ने भएमा स्वास्थ्य सुरक्षाका मापदण्डको पूर्ण पालना गरेर मात्र बाहिर निस्कन दिने ।
- नेपाल सरकारबाट तोकिएका स्वास्थ्य सुरक्षाका मापदण्डहरु पूर्ण रुपमा पालना गर्ने, गराउने । नियमित रुपमा साबुन पानीले हात धुने, अनिवार्य मास्कको प्रयोग गर्ने र सेनिटाइजरको प्रयोग गर्ने, गराउने ।
- हाट बजार, मेला, जात्रा, महोत्सव, पार्टी, भोज लगायत भिड भाड हुने कार्य नगर्ने, नगराउने ।
- नियमित रुपमा गर्नु पर्ने नित्य पूजा बाहेक मठ मन्दिर, मस्जिद, चर्च, गुम्बा लगायतका धार्मिक स्थलहरु बन्द गर्ने, गराउने ।
- सबै प्रकारका सभा सम्मेलन, गोष्ठी, सेमिनार हल, मनोरन्जन स्थल, सैलुन, ब्युटिपार्लर, जिमखाना, क्लब हल, समूहमा खेल्ने खेलकुद, पुस्तकालय आदि संचालन नगर्ने, नगराउने ।
- कोभिड-१९ को लक्षण देखिएमा वा त्यस्तै प्रकारका कुनै स्वास्थ्य समस्या देखा परेमा तुरुन्त नजिकैको स्वास्थ्य संस्था वा स्थानीय तहमा सम्पर्क राख्न नागरिकलाई सचेत गराउने।
- कोभिड-१९ बाट संक्रमित भएका व्यक्तिहरुले र अन्य जिल्लाबाट यस जिल्ला प्रवेश गर्ने व्यक्तिहरुले अनिवार्य र सुरक्षित रुपमा १४ दिन सम्म होम आईसोलेसनमा बस्ने र सो को अनुगमन स्थानीय पालिकाले गर्ने ।
- अर्को आदेश नभएसम्म विद्यालय, कलेज, ट्युसन सेन्टर लगायतका शैक्षिक संस्थाहरुमा भौतिक उपस्थितिमा पठन पाठन गराउने कार्य नगर्ने, नगराउने ।
- संघ/प्रदेश र स्थानीय तह अन्तर्गतका यस जिल्ला भित्र रहेका यस अघि अत्यावश्यक सेवा संचालन सुरु भइसकेका समेत सबै सरकारी कार्यालय तथा सार्वजनिक निकाय, बैंक तथा वित्तिय संस्थाहरुले मिति २०७८ असार २० गते देखि स्वास्थ्य सुरक्षाको मापदण्डहरुको पालना गरी, गराई नियमित रुपमा सेवा प्रवाह गर्ने ।

प्रमुख जिल्ला अधिकारी

नेपाल सरकार
गृह मन्त्रालय
# जिल्ला प्रशासन कार्यालय
भोजपुर

फोन ०२९-४२०१३३
फ्याक्स ०२९-४२००७३
Email:- daobhojpur1@gmail.com

प.स. ०७७/०७८

- मिति २०७८/०३/२० गतेबाट लागु हुने गरी खाद्यान्न, माछा, मासु, अण्डा, ग्याँस, दुध लगायत दैनिक उपभोग्य बस्तुका पसलहरु र फेन्सी, कपडा, किराना, इलेक्ट्रोनिक्स, कस्मेटिक,टेलरिङ, सुनचाँदी, फोटो स्टुडियो, स्टेशनरी, खेलकुदका सामग्रीहरु, जुत्ता चप्पलका पसल, हस्तकलाका सामग्रीहरु, भाँडावर्तन र निर्माण सामग्रीहरु बिक्री बितरण गर्ने पसलहरु बिहान ६ बजे देखि दिनको १२ बजेसम्म मात्र स्वास्थ्य सुरक्षाको मापदण्ड पूर्ण रुपमा पालना गरी संचालन गर्ने, गराउने ।
- दुई पाङ्ग्रे सवारी साधनहरुको मर्मत संभार र सर्भिसिङ गर्ने वर्कसपले बढीमा २ जना र सो भन्दा बढी पाङ्ग्रा भएका सवारी साधनको हकमा बढीमा ४ जना मात्र कामदारहरु राखी सवारी साधन मर्मत र सर्भिसिङ गर्ने । वर्क शपहरु स्वास्थ्य सुरक्षाका मापदण्डहरुको पालना गरी बिहान ८ बजे देखि बेलुका ४ बजेसम्म मात्र संचालन गर्ने, गराउने ।
- २- पाङ्ग्रे सवारी साधन मात्र स्वास्थ्य सुरक्षाको मापदण्ड पूर्ण रुपमा पालना गरी मास्क लगाइ, सेनिटाइजरको प्रयोग गरी सवारी साधन जिल्ला भित्र मात्र मिति २०७८/०३/२० गते देखि संचालन गर्ने, तर ठूला सवारी साधन, टेम्पो सहितलाई हाल संचालन नगर्ने, नगराउने ।
- स्वास्थ्य सुरक्षाको मापदण्ड पूर्ण रुपमा पालना गरी मिति २०७८ असार २० गतेबाट लागू हुने गरी बिहान ७ बजे देखि ११ बजेसम्म र बेलुका ५ देखि ७ बजेसम्म मात्र होटल, रेष्टुरेण्ट, चिया तथा खाजा पसल र चमेना गृह संचालन गर्ने । तर होटलमा मदिराजन्य वस्तु बिक्री बितरण र खाँनपिनमा पूर्ण रुपमा रोक लगाउने ।
- स्वास्थ्य सुरक्षाका मापदण्डहरुको पालना गरी गराइ निर्माण स्थलमा कामदारलाई काममा लगाउने । कार्यस्थलमा काम गराउँदा मास्क, पन्जा, सेनीटाइजर सम्बन्धित निर्माण व्यवसायी वा रोजगार दाताले कामदारलाई अनिवार्य रुपमा उपलब्ध गराउने ।
- उद्योग कलकारखाना र निर्माण कार्यमा प्रयोग हुने कच्चा पदार्थ गोलीया काठ र बाँस जस्ता सामग्रीहरु स्वास्थ्य सुरक्षाको मापदण्डको पूर्ण पालना गरी जिल्ला भित्र ओसार पसार गर्न दिने प्रबन्ध गर्ने ।
- पर्यटन तथा नागरिक उडयन कार्यालयले तोकेको मापदण्डलाई पालना गरी हवाई यातायात संचालन गर्ने, गराउने । बिमानस्थलमा अनिवार्य रुपले Helth Desk स्थापना गरी जिल्ला भित्रीने यात्रुहरुको स्वास्थ्य जाँच गर्ने र कोभिड-१९ को लक्षण देखा पर्ने यात्रुले अनिवार्य रुपमा १४ दिनसम्म होम आइसोलेशनमा बस्ने र सो को अनुगमन सम्बन्धित पालिकाले गर्ने ।

..............................
कृष्ण प्रसाद भण्डारी
प्रमुख जिल्ला अधिकारी

मितिः- २०७८/०३/१७